बैठक संख्याः २०८०।०८१ – ०६

बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिकाको बैठक।

मिति र समयः वि. स. २०८० साल पुस ०५ गते बिहिबार, समयः दिनको ११ बजे देखि सुरु।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू।

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधा देवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री विष्णु प्रसाद पोखरेल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा नं. १ वडा अध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिका वडा नं. २ वडा अध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिका वडा नं. ३ वडा अध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिका वडा नं. ४ वडा अध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिका वडा नं. ५ वडा अध्यक्ष | | |
| ९ | श्री इश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री पार्वती विक | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क. | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| | राष्ट्र सेवक कर्मचारीहरु | | | |
| १५ | ध्रुवराज सापकोटा | | | |
| १६ | अविनाश लम्साल | | | |
| १७ | | | | |
| १८ | | | | |

घिरिङ गाउँपालिका

गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०८०/०८१/**६ औ** मिति : २०८०/०९/०५

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक वसेको स्थान :-गाउँपालिका सभाहल

**<u>प्रस्तावहरु</u>**

१) हिउदे गाउँसभा सम्वन्धमा ।

२) पालिका स्तरिय हस्पिटलको जग्गा सम्वन्धमा ।

३) सडक वोर्डको वजेट सम्वन्धमा ।

४)छुट जग्गा वर्गीकरण सम्वन्धमा ।

५)छानुङ मानुङ अधेरी खोल्सी गणादी खा.पा.सम्वन्धमा ।

६) गत आ.व.को इन्टरनेट रकम भुक्तानी सम्वन्धमा ।

निर्णय १ प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.२०८०/०८१ को हिउदे गाउँसभा मिति २०८०/०९/२६ गतेका वस्ने निर्णय गरियो ।

निर्णय २ प्रस्ताव नं. २ माथि छलफल गर्दा पालिका स्तरिय हस्पिटलको जग्गाका लागि बाटो बाहेक ९ रोपनी क्षेत्रफल ओगटेको हुनु पर्ने र उक्त जग्गा पालिकालाई निशुःल्क उपलव्ध गराउने साथै उपयुक्त समयमा जग्गा धनी र पालिका प्रतिनिधि नामसारीका लागि मालपोत कार्यालय,तनहुँ जाने भन्ने निर्णय गरियो ।

निर्णय ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडक बोर्डको बजेट सम्वन्धमा रु २१ लाख प्राप्त भएको साथै सो रकमको २० प्रतिशत रकम गाउँपालिकावाट अनिवार्य व्यहोनु पर्ने भएको हुँदा जम्मा रकमबाट अन्नपूर्ण मोटरमार्ग वडा नं.३,मोहोरीया भन्ज्याङ्ग वडा नं.५,गाँबुडाडा नयाँटार मोटर मार्ग वडा नं.४ मा आवश्यकता अनुसार विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा छुट जग्गा बर्गीकरणको कामका लागि समय अपुग भएको भन्ने बुझिएको हुँदा १५ दिन म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय ५ प्रस्ताव नं.५माथि छलफल गर्दा छानुङ मानुङ अधेरी खोल्सी गणादी खा.पा.सम्वन्धमा प्राविधिक मुल्याङ्कन गरी कुल खर्च बजेटको ५० प्रतिशत पालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

विष्णु प्रसाद ...
प्रमुख प्रशासकिय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

निर्णय ६प्रस्ताव नं.६माथि छलफल गर्दा ... को इन्टरनेट रकम भुक्तानी सम्बन्धमा निवेदको माग तोकिए रकम उपलब्ध गराउन नसकिने सो रकमको ५० प्रतिशत मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

- आ.व.०८०/०८१ मा विनियोजित बजेटबाट बैडी खोप केन्द्र भवन घिरिङ -१,धेनुङ्ग खोप केन्द्र भवन वडा नं.५ र नेवापानी खोप केन्द्र भवन वडा नं.३ मा खोप केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।
- वडा नं.१ भन्टार टंकी र माथिल्लो मगरगाउँमा २५०० मि.पाइप आवश्यक रहेको,वडा नं.५ भाडडाँडामा २५ एम.एम.को १५०० मि. पाइप आवश्यक रहेको,वडा नं.४ छरछरे खा.पा.ल्होहडाँडा-जिताकोटमा पाइप आवश्यक रहेको ,खुम्लीङ्गमा ट्याङ्की मर्मत गर्नु पर्ने,वडा नं.२ फलारेमा पाइप आवश्यक रहेकोले पाइप खरिद गरि उपलब्ध गराउने साथै मर्मतका लागि प्राविधिक ईष्टीमेटका आधारमा काम अगाडी बढाउने निर्णय गरियो ।
- यसै गाउँपालिका वडा नं.४ को च.नं.२९६ मिति २०८०।०९।११ को पत्रानुसार तपसिल अनुसार योजना संशोधन गर्ने निर्णय गरियो ।
- कारागार कार्यालय तनहुँको कार्यालय मर्मतकालागि रकम माग भै निवेदन प्राप्त भएको हुँदा रु ५०,०००।०० अक्षरुपी पचास हजार आर्थिक सहायता गर्ने निर्णय गरियो ।
- रामपुरमा यस पालिकाबाट सहभागी हुने ३० वर्षमाथिका भलिवल खेलाडीका लागि रु २५०००।०० अक्षरुपी पच्चिस हजार आर्थिक सहायता दिने निर्णय गरियो
- यसै पालिका वडा नं.३ बस्ने केहरमान कामीलाई औषधी उपचार आर्थिक सहायता रु.१०,०००।०० अक्षरुपी दश हजार आर्थिक सहायता दिने निर्णय गरियो ।
- तपसिल ,

| क्र. सं. | योजनाको नाम | संशोधित योनानको नाम | बजेट रु . | कै. |
|---|---|---|---|---|
| १ | शिवालय मन्दिर उम्से | सरस्वती आमा समुह भवन शौचालय निर्माण | १,०००००.०० | |
| २ | शिवालय मन्दिर पाथोंक | शान्ती आमा समुह भवन शौचालय निर्माण | १.०००००.०० | |
| ३ | धाब्दी खा.पा.र कोटसाभुङ्ग खा.पा. | कोटसाभुङ्ग आमा समुह भवन निर्माण | १,०००००.०० +२,०००००.००=३, ०००००.०० | |

विष्णु प्रसाद चरखरेल
प्रमुख प्रशासकिय अधिकृत

होम बहादुर थापा
अध्यक्ष